# सिद्धबाबा सुरुङमार्ग योजना, बुटवलको
# राजमार्ग बन्द हुने सम्बन्धी जरुरी सूचना

यस योजना अन्तर्गत सिद्धबाबा सुरुङ मार्गको निर्माण गर्ने कार्य सुचारु रहेको र निर्माणको क्रममा बाटो साँघुरो भएको कारण निर्वाध रुपमा यातायात संचालनकै अवस्थामा कार्य गर्दा असहज हुनुको साथै माथिबाट ढुङ्गाहरु खस्ने, सवारी आवागमनमा उच्च जोखिम हुने भएकोले सिद्धार्थ राजमार्गको सिद्धबाबा सुरुङ निर्माण क्षेत्रमा मिति २०८०/०९/१६ गते सोमबारदेखि १०० दिनको लागि राती १०.०० बजेदेखि बिहान ४.०० बजेसम्म अत्याबश्यक सवारी साधन(दमकल, एम्बुलेन्स, शवबाहन र विपद्का साधन) वाहेकका अन्य सम्पूर्ण सवारी साधनको आवागमनलाई पूर्ण रुपमा बन्द गरिने निर्णय भए अनुसार हाललाई पहिलो चरणमा मिति २०८०/०९/१६ देखि २०८०/११/०७ गतेसम्म माथि उल्लेख गरिए बमोजिम बन्द गरिने व्यहोरा सरोकारवाला सवैमा सूचित गरिन्छ। यस बिचमा पर्ने माघे संक्रान्ति पर्वको लागि २०८० पौष २९ गते र माघ १ गतेका लागि पुर्बवत रुपमा सवारी साधनको आवागमन खुल्ला हुनेछ। यसबाट सर्वसाधारणलाई पर्न जाने असुबिधाप्रति योजना क्षमाप्रार्थी छ। उक्त अवधिभर सवारी साधनहरुलाई निम्नानुसारको स्थानहरुमा रोक्ने व्यवस्था मिलाइएको छ।

१) पाल्पातर्फबाट आउने सवारी साधनहरुः जडिबुटिचोक, सत्यवती जाने बाटो, तिनाउँ गाउपालिका वडा नं. ३

२) बुटवल तर्फबाट आउने सवारी साधनहरुः चिडियाखोला तल्लो सिद्धबाबा मन्दिरनिर

पुनश्चः सवारी साधनहरु रोक्दा र सवारी चलाउदा कडाईका साथ आफ्नो लेन अनुशासन कायम राख्नुहुन तथा सवारी लामबद्ध भएको अवस्थामा जथाभाबी ओभरटेक नगर्नुहुन अनुरोध छ। साथै उक्त अवधिभर बैकल्पिक सडक प्रयोग गर्न मिल्ने सवारी साधनहरुले सोही बमोजिम गर्नुहुन र बैकल्पिक सडकको रुपमा साना सवारी साधनहरुले मात्र बेलबास-नुवाकोट-दोभान सडक प्रयोग गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

योजना प्रमुख

योजना प्रमुख